नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
निजामती कर्मचारी अस्पताल
मिनभवन काठमाण्डौ

फोन नं ०१४७१३००४

पत्र संख्याः २०८२/०८३
चलानी नं: ९६१

# विज्ञप्ति

निजामती कर्मचारी अस्पताल एक चिकित्सा सेवा प्रदान गर्ने संस्था भएकोले दैनिक यहाँ हजारौको संख्यामा सेवाग्राहीहरु उपचार सेवा लिन आउने गरेको व्यहोरा सर्वविदितै छ । सोही सन्दर्भमा विरामी उपचार सेवा प्रदान गर्नकै लागि हामी चिकित्सक नर्सिङ्ग, पारामेडिक्स र अन्य स्वास्थ्यकर्मीहरु तथा प्रशासनिक कर्मचारीहरु, मर्मत, सुरक्षा एवं सरसफाईकर्मीहरु कार्यरत रहेका छौ ।

अस्पतालले विगत देखि नै सेवाग्राहीलाई प्राथमिकतामा राखी आफ्नो दैनिक प्रशासनिक तथा अस्पताल सेवाहरु प्रदान गरिहेको भएता पनि यदाकदा सेवाग्राहीबाट व्यवस्थापन समक्ष गुनासोहरु प्राप्त भएकोले कर्मचारी आचार संहिता र सुशासन पालनको लागि सरोकारवाला सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

अतः अस्पतालको समग्र हित ठानी अस्पतालमा कार्यरत सबैले आ-आफ्नो कर्तव्य एव जिम्मेवारी अनुरुप तपशिल बमोजिमको विषयहरुलाई ध्यानमा राखी सचेत भई आ-आफ्नो कार्य गर्न गराउन हुन तथा संवेदनशील भई तपशिल बमोजिम कुनै पनि प्रकारको विकृति एवं विसंगति हुने खालको कार्य नगर्न एवं आफू मातहतकालाई पनि सोही वमोजिम सुचना सम्प्रेषण गर्न/गराउनु हुन अस्पताल व्यवस्थापनबाट जानकारी सहित यो विज्ञप्ति जारी गरिएको छ।

यस अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरु लगायत सम्पूर्ण कर्मचारीहरुले तपशिल बमोजिमका आचारसंहिताहरु अनिवार्य रुपमा पालना गर्नका लागि सूचित गरिन्छः

१. सेवाग्राहीहरुसँग प्रत्यक्ष सम्पर्कमा आउने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले बिरामीहरुसँग शिष्ट एवं मर्यादित व्यवहार गर्ने।
२. कार्यालयको निर्धारित समयमा आफ्नो कार्यस्थलमा उपस्थित भई आफ्नो तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक बहन गर्ने।
३. कार्यालय समयभित्र खाजा/खाना खानु परेमा आलोपालो मिलाई निर्धारित समयमा मात्र व्यवस्थापन गर्ने।
४. बिदालाई अधिकारको रुपमा नलिई सहुलियतको रुपमामात्र लिई सेवा प्रवाहमा असर नपर्ने गरी बिदा बस्ने।
५. चिकित्सक/स्वास्थ्यकर्मीहरुले कार्यालय समयमा अस्पताल बाहिर गएर निजी अस्पताल/क्लिनिकमा बिरामी नहेर्ने।
६. अस्पताल बाहिर औषधी पसल, ल्याब, इमेजिङ सेन्टर आदि नखोल्ने।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
निजामती कर्मचारी अस्पताल
मिनभवन, काठमाण्डौ

फोन नं ०१४७९३००४


पत्र संख्याः २०८२/०८३
चलानी नं.: ९८९

७. अस्पतालमा हुने परीक्षणहरु अस्पतालमा नै गर्ने व्यवस्था मिलाउने।

८. बिरामीहरुलाई अनावश्यक रुपमा अन्य अस्पतालमा रिफर नगर्ने।

९. OPD मा उपचारका लागि रहेका बिरामीको उपचार नसकी OPD छोडेर नजाने।

१०. ओ.टी. समय पालना कडाइका साथ गर्ने/गराउने।

११. बिरामीहरुलाई विशेष कुनै खास ब्राण्डको औषधी तथा औषधिजन्य सामाग्री खरिद गर्न वाध्य नपार्ने। अस्पताल फार्मेसीबाट नै औषधी उपलव्ध गराउने।

१२. तोकिएको एप्रोन/पोसाक/ID Card लगाएर मात्र सेवा प्रवाह गर्ने।

साथै प्रचलित कानून बमोजिमका कर्मचारी ***आचार संहिता र सुशासनका सम्पूर्ण प्रावधानहरु अनिवार्य पालना गर्नगराउनु हुन समेत*** जानकारी गराइन्छ।

(प्रा. डा. मोहन चन्द्र रेग्मी)
कार्यकारी निर्देशक

मिति : २०८२/०६/१२ गते शुक्रबार
ने.सं. ११४५ कौलाथ्व षष्ठी